# NYC (न्यूयार्क नगर) जिल्लाहरूको पुनर्गठन आयोग 101

---

## एक प्रारम्भक

अगस्त 05, 2022 मा संशोधित

# परिचय

- संयुक्त राज्य अमेरिकाको संविधान अनुसार प्रत्येक दस वर्षमा जनसंख्याको जनगणना गर्नु आवश्यक छ ।
- संयुक्त राज्य अमेरिकाको यस जनगणनाले संविधानको एक-व्यक्ति, एक-भोट सिद्धान्तलाई प्रतिबिम्बित गर्नका निम्ति देशभरी संघीय, राज्य स्तरमा र स्थानीय स्तरमा विधायिका जिल्लाहरूको पुनर्गठन गर्ने कार्य सुरु गर्छ ।

# NYC (न्यूयार्क नगर) जिल्लाहरूको पुनर्गठन आयोग

•न्यूयार्क नगरमा, सिटी चार्टर (नगरको बडापत्र) ले न्यूयार्क नगर जिल्ला आयोगलाई 51 वटा नयाँ नगर परिषद्को नक्सा कोर्ने काम तोकेको छ ।

•आयोगमा 15 सदस्य छन् । सात सदस्यहरूलाई मेयरले नियुक्त गर्छ । आठ सदस्यहरूलाई नगर परिषद्ले नियुक्त गर्छ । पाँच सदस्यहरूलाई परिषद्को बहुमतबाट र तीन सदस्यहरूलाई परिषद्को अल्पसंख्यकबाट नियुक्त गरिन्छ ।

• आयोगका सदस्यहरू छनौट गर्ने मानदण्डहरू बरो, पार्टी, अल्पसंख्यक स्थिति र विविधता हुन् ।

## आयुक्तहरू

Dennis M. Walcott, अध्यक्ष
Yovan Samuel Collado
सम्मानीनीय Marilyn D. Go
Kevin John Hanratty
सुश्री Maria Mateo
Joshua Schneps
Lisa Sorin
श्रीमान्  Kevin Sullivan
Kai-Ki Wong
Maf  Misbah Uddin
Michael Schnall
Kristen Johnson
Gregory W. Kirschenbaum
Marc Wurzel
डाक्टर Darrin K. Porcher

## वरिष्ठ कर्मचारी

John Flateau, कार्यकारी निर्देशक
Grace Pyun, सामान्य सल्लाहकार
Joe Maligno, उपकार्यकारी निर्देशक
Ali Rasoulinejad, प्रमुख अधिकारी
Eddie Borges, सञ्चार निर्देशक
LaToya Benjamin, उपप्रमुख अधिकारी

# यो किन महत्त्वपूर्ण छ

•न्यूयार्क नगरको जनसंख्या 2010 मा लगभग 82 लाखबाट बढेर 2020 मा लगभग 88 लाख पुगेको छ ।

•अर्थात् लगभग 630,000 मानिसहरू नगरमा नयाँ छन् ।

•51 नगर परिषद् जिल्लाहरू र 88 लाख जनसङ्ख्या भएका कारण आयोगले नयाँ जिल्लाहरू ताक्नु पर्छ जसमा प्रत्येक जिल्लामा सरदर लगभग 172,882 निवासी हुनु पर्छ ।

# यो किन महत्त्वपूर्ण छ

- नगर परिषद् मेयर रहेको स्थानीय सरकारको बराबरको शाखा हो ।
- नगर परिषद्सँग नगरको $ 101 अरब बजेट बनाउने अधिकार छ अनि नगर परिषद्ले निम्नलिखित मामिलाहरूमा मतदान गर्छ :
  - आवासीय कार्यक्रमहरूको विस्तार
  - साना घरधनीहरूको लागि सम्पत्ति करमा छुट
  - पार्कहरूको पुनर्निर्माण र सरसफाइ कटौती
  - सामुदायिक सुरक्षा कार्यक्रमहरूमा लगानी
- त्यसैले नयाँ नगर परिषद् जिल्लाहरूलाई आकार दिनमा न्यूयार्कवासीहरूका विचारहरू महत्त्वपूर्ण छन् ।

# जनसंख्या प्रवृत्ति

- सामान्य जनसंख्याको वृद्धि र पछिल्लो जनगणना पछि तीव्र वृद्धि भएको हाम्रो हिस्पैनिक र एशियाई जनसंख्यालाई प्रतिबिम्बित गर्ने खालको नयाँ नक्साहरू आयोगले कोर्नु पर्छ ।
- हिस्पैनिक जनसंख्या लगभग 154,000 ले बढ्यो ।
- एशियाई जनसंख्या 345,000 ले बढ्यो ।
- यसैबीच, नगरको अश्वेत र श्वेत जनसंख्या क्रमशः 84,000 र 3,000 ले घटियो ।

# 1965 को मतदान अधिकार ऐन

•नक्सा कोर्दा आयोगले गर्नुपर्ने कानुनी विचारहरूमध्ये संघीय मतदान अधिकार ऐन 1965 हो ।[1]

•नयाँ जिल्ला नक्सा बनानउने काममा जातीय र भाषिक अल्पसंख्यकहरूका मतदान शक्तिलाई अस्वीकार गर्नु वा कमजोर पार्नु यसले निषेध गरेको छ ।

1 सर्वोच्च अदालतको मुद्दा Shelby County बनाम Holder, 570 U.S. 529 (2013) पछि, मतदान अधिकार ऐनको धारा 5 बमोजिम संयुक्त राज्य अमेरिकाको न्याय विभागबाट आफ्नो नक्साको पूर्व-अनुमोदन प्राप्त गर्न न्यूयार्क नगरको लागि आवश्यक छैन ।

# जनसंख्या विचलन

प्रतिनिधित्वको एक-व्यक्ति एक-भोट सिद्धान्त अनुसार जिल्लाहरू जनसंख्यामा लगभग बराबर हुनु पर्छ तर NYC परिषद् जिल्लाहरूलाई एक स्तरसम्म विचलनको अनुमति दिइएको छ - कानूनले "पाँच प्रतिशत विचलन" सम्म नियम प्रदान गरेको छ ।

परिष्द् जिल्लाहरूको लागि सरदर जनसंख्या 172,882 छ । यस पाँच प्रतिशत विचलनको नियम अन्तर्गत, कम जनसंख्या भएको जिल्ला र धेरै जनसंख्या भएको जिल्लाको जनसंख्याबीच फरक पाँच प्रतिशत भन्दा बढी हुनु सक्दैन । उदाहरणका लागि, यदि कम जनसङ्ख्या भएको जिल्लाको जनसंख्या 168,900 (सरदरभन्दा लगभग -2.3% कम) छ भने सबैभन्दा बढी जनसंख्या भएको जिल्लाको जनसंख्या 177,549 (सरदरभन्दा लगभग +2.7% बढी) भन्दा अधिक हुन सक्दैन ।

# सिटी चार्टर (नगरको बडापत्र) मानदण्ड

मतदान अधिकार ऐनद्वारा संरक्षित, जातीय र भाषिक अल्पसंख्यक समूहहरूका "उचित र प्रभावकारी प्रतिनिधित्व" सुनिश्चित गर्नु पनि नगरको बडापत्र बमोजिम आवश्यक छ ।

यसका अतिरिक्त, बडापत्र बमोजिम आयोगले निम्नलिखित कार्यहरू गर्नु आवश्यक छ :

## जिल्ला पुनर्गठनका आवश्यकताहरू

1. बस्ती र समुदायलाई अक्षुण्ण राख्नु पर्छ ।
2. जिल्लाहरूलाई सुगठित राख्नु पर्छ ।
3. कुनै जिल्लाको भाग अर्को जिल्लामा गाभिने परिस्थिति सीमित गर्नु पर्छ ।
4. कुनै पार्टीका मतदाताहरूको प्रभावकारी प्रतिनिधित्व घटाउने उद्देश्यले एउटै राजनीतिक दलका मतदातालाई विभाजन गर्नु पन्छ्याउनु पर्छ ।
5. विचित्र आकारका जिल्लाहरू बनाउने कार्य पन्छ्याउनु पर्छ ।

# जिल्ला पुनर्गठनका आवश्यकताहरू (जारी छ)

- **एकै ठाउँमा जिल्लाहरू ।** बडापत्र बमोजिम प्रत्येक जिल्ला एकै ठाउँमा राख्नु आवश्यक छ । कुनै जिल्लाको कुनै भागलाई पानीले छुट्याएको खण्डमा, त्यो भाग पुल, सुरुङ, ट्रामवे वा नियमित नौका सेवाद्वारा जडान हुनु पर्छ ।
- **कुनै जिल्लाको भाग अर्को जिल्लामा गाभिने परिस्थितिको सीमा ।** यद्यपि जिल्लाहरूले बरोका सीमारेखाहरू नाघ्नु हुँदैन तर " कुनै जिल्ला दुईवटा बरोहरूमा समावेशित भएमा, व्यवाहारमा अत्यधिक सम्भावनासम्म, ती दुई बरोहरूमा कुनै अरू जिल्ला पनि समावेश गर्नु हुँदैन ।"

# सार्वजनिक सुझावहरू

- जिल्लाहरूको पुनर्गठन प्रक्रियामा सार्वजनिक सुझाव समावेश गर्न, आयोग समर्पित छ ।

- जनमानसले निम्नलिखित तरिकामा भाग लिन र आ-आफ्नो सुझाव साझा गर्न सक्छन् :
  - **सार्वजनिक सुनुवाइमा बयान दिएर**
  - publictestimony@redistricting.nyc.gov **मा इ-मेल द्वारा साक्ष्य पठाएर**
  - **पत्राचारद्वारा 253** Broadway, **3**rd Floor, New York, NY **10007 मा साक्ष्य पठाएर**
  - **तपाईंको आफ्नै नक्सा सिर्जना गर्न** Districtr (जिल्लाको) **उपयोग गरेर**

- न्यूयार्कवासीहरू आ-आफ्ना समुदायहरूका विशेषज्ञहरू हुन् र उनीहरू नगर परिषद् जिल्लाहरूका रेखाहरू पुन: कोर्दा आयोगले उनीहरूको कुरा सुन्नु आवश्यक छ ।

# समयरेखाहरू

बडापत्रले जिल्लाहरूको पुनर्गठन प्रक्रियाका लागि निश्चित समयरेखाहरू प्रदान गरेको छ - उदाहरणका लागि, मस्यौदा नक्सा पेश गर्न, निरीक्षण र टिप्पणीका लागि यी योजनाहरू जनतालाई उपलब्ध गराउन, र संशोधित नक्साहरू परिषदमा पेश गर्नका लागि समयसीमाहरू छन् ।

यी समयसीमाहरू यथोचित रूपमा विस्तार गर्न सकिन्छ ताकि जनताका सुझावहरूलाई ध्यानमा राखेर र कानूनको पालना गर्दै, जिल्लाहरूका पुनर्गठनका नक्साहरू कोर्ने आफ्नो लक्ष्य जिल्ला आयोगले हासिल गर्न सक्छ ।

अन्तिम योजना पेश गर्न, आयोगको समयसीमा डिसेम्बर 7, 2022 हो ।

# NYC (न्यूयार्क नगर) जिल्लाहरूको पुनर्गठन आयोग पात्रो

(परिवर्तन गर्न सकिने)

| द्घर् | श्रुश्ळ |
| --- | --- |
| ह्वक्ष्ु ॑घ्र्झ्रग्र्ःरवव्र ढ्वत्र्ञ्ञश्रुड् द्धक्ष्ञक्ष्र | रवह्ट ञ्रडः॑ल्क्षुः ञ्रणघ्रञ्रथ॑ल्क्षुवह्ट ढ घ्रण |
| ब्व्रघ्रस्र्ह्ृ ड् ग्झ्र ष्व्र न्व्रघ्ह्ृणष्श्र ष ग्झ्रणड्झ्ररवल्व्रष | जुलाई 15 |
| ह्वक्ष्ु ॑घ्र्झ्रग्र्ःरवव्र ढ्वत्र्ञ्ञश्रुड् द्धक्ष्ञक्ष्र<br>ज१ ौ ळ्व्र ढ्रड्ड्ल ष्करड्ढ् ह् ॑ञ्ड्ढ्व्र झ्रटज॑न्ड्स्ल्व्रष्ट थ॑न्ड्ढ् ह्झ्र | १ णb झ्रढ ((Queens - Museum of the Moving Image)<br>१ णb झ्रग(Bronx - Lehman College (ौँञ्रग्रक्ष्ब्र ष णघ्रड्झ्रश्रOश्रॉव्रचग्र जCity University of New York, CUNY)))<br>१ णb झ्रत (Staten Island - Borough Hall)<br>१ णb ञ्झ्र(Brooklyn - Medgar Evers College (CUNY)) – *१ ह्घ्रवृ क्ष्दृज ॑न्ड्क्ष्ह्ट ण॑न्ड्ढ् ह्*<br>१ णb ञ्ञ (Manhattan - Schomburg Center for Research in Black Culture) |
| षणघ्र ह्ष्घ्रड्रवव्र ग्झ्र ष्व्र ह्ट्र् णष्व्र | ढ्ँड्द् घ्र ञ्ञ |

# प्रक्रिया


सार्वजनिक सुनवाइको पहिलो चरण
मस्यौदा योजनामा मतदान गर्न आयोगको सार्वजनिक बैठक
सार्वजनिक सुनवाइको दोस्रो चरण
अन्तिम योजनामा मतदान गर्न आयोगको सार्वजनिक बैठक
नगर परिषदमा योजना पेश गर्ने
नगर परिषद्ले योजनामा विचार गर्दछ
परिषद्को औपचारिक आपत्ति
आयोगको सार्वजनिक बैठक
आयोगले संशोधित मस्यौदा जारी गर्छ
तेस्रो चरण सार्वजनिक सुनवाइको
आयोगको सार्वजनिक बैठक
आयोगले City Clerks लाई अन्तिम योजना बुझाउँछ
नगर परिषद्को स्वीकृति वा अकार्य
आयोगले City Clerks लाई अन्तिम योजना बुझाउँ छ

# स्रोतसाधन

- Preliminary Plan (प्रारम्भिक योजना)
- Districtr – Build your own City Council district (जिल्ला - तपाईंको आफ्नै नगर परिषद् जिल्ला निर्माण गर्नुहोस्)
- NYC Department of City Planning Census Map (नगर योजना जनगणना नक्सा को NYC विभाग)
- Current City Council Maps (हालका नगर परिषद्हरूका नक्साहरू)
- NYC Open Data (NYC खुला तथ्याङ्क)

51 नगर परिषद्हरूका नक्साहरूमा साक्ष्य पेश गर्न चाहने जुन सुकै व्यक्तिले आयोगलाई publictestimony@redistricting.nyc.gov मा पत्र पठाउन सकिने छ।